# मिति २०७७।११।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १ :** यस उप–महानगरपालिका र श्री शिवशक्ति अर्डर एण्ड जनरल सप्लायर्स, नेपालगन्ज बिच मिति २०७७।१०।१९ मा भएको बसपार्क प्रवेश एवं विश्राम शूल्क र नगरबस संचालन सम्बन्धि सम्झौता अनुसार दोस्रो पक्षले किस्ता रकम चौमासिक रुपमा बुझाउनु पर्ने भन्ने उल्लेख भएकोमा दोस्रो पक्षले कोभिड–१९ का कारण लक्ष्य भन्दा कम शूल्क उठ्ने भएको हुँदा एकमुष्ठ ४/४ महिनाको रकम भुक्तानी गर्न समस्या भएकोले प्रत्येक महिनाको अन्तिम दिनमा मासिक रुपमा किस्ता भुक्तानी गर्ने व्यवस्था मिलाई दिने विषयको निवेदन पेश गरेकोले राजश्व परामर्श समितिको सिफारिस समेतलाई मध्येनजर गरी (२०७७ फाल्गुन देखि अधिकतम् छ महिनाको लागि) मासिक रुपमा किस्ता रकम प्रत्येक सोही महिनाको मसान्तभित्र बुझिलिने र सो मिति नाघेमा प्रतिदिन रु.१०००।०० का दरले थप रकम असुल गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :** नगरकार्यपालिकाको मिति २०७७/०७/२० को निर्णय नं.४ अनुसार यस उप–महानगरपालिकाले तरकारी हाटबजार व्यवस्थापनको लागि निर्माण गरिएका वडा नं. १०,१७ र १८ को सटर तथा भौतिक संरचनाहरु यस उप–महानगरपालिकाको राजश्व परामर्श समितिले तोकेको दररेट एवं भाडा लिने गरि तरकारी हाटबजार संचालन गर्न सम्बन्धित वडालाई वडास्तरीय सर्वपक्षिय उपभोक्ता समिति गठन गर्ने गरि व्यवस्थापनको जिम्मा दिने निर्णय भई राजश्व परामर्श समितिको मिति २०७७/१०/०६ गतेको निर्णयानुसार भाडा रकम तोकि सकिएकोमा उक्त सटरहरुलाई सार्वजनिक सूचना मार्फत ठेक्कामा दिएमा प्रतिस्पर्धा भई बढावढमा सटरहरु जाने र पारदर्शिता पनि कायम रहने कुरालाई मध्यनजर गरि वडा नं.१० र १७ का सहरहरुलाई तपसिल अनुसारको दररेट कायम गरि १५ (पन्ध्र) दिने सार्वजनिक ठेक्का सूचना प्रकाशित गर्ने र सटर ठेक्कामा परेको व्यक्ति/संस्थाले अनिवार्य रुपमा यस उप–महानगरपालिकामा व्यवसाय दर्ता गरेपछि मात्र सम्झौता गर्ने साथै सटर कसैलाई नामसारी/हस्तान्तरण गर्ने विषयमा कबोल रकमको १ महिनाको अतिरिक्त शूल्क लिई नामसारी गर्न सकिने विषय सूचनामा उल्लेख गर्न राजश्व परामर्श समितिको सिफारिस बमोजिम गर्न निर्णय गरियो ।

**तपसिल**

१. वडा नं.१० गोसाईगाउँमा बनेका ९ वटा सटरहरुको प्रतिसटर प्रतिमहिना रु.२,५००।–(अक्षेरुपी दुई हजार पाँच सय।),ठेक्का अवधि ५ वर्षको रहने,हरेक २/२ वर्षमा १० प्रतिशतले भाडा रकम वृद्धि हुने र सोही क्षेत्रमा बनेको सामुदायिक हलको बत्ति र सरसफाईको समेत जोडेर प्रतिदिन रु.३,०००।–(अक्षेरुपी तीन हजार।) लिने गरि १० नं.वडा कार्यालयलाई नै जिम्मा दिने निर्णय गरियो ।

२. वडा नं.१७ परसपुर स्थित कृषिबजार एवं संकलन केन्द्रको नयाँ बनेका ६ वटम सटरहरु मध्ये सटर नं.१ र २ लाई प्रतिसटर न्यूनतममासिक भाडादर रु.१,७००।–(अक्षेरुपी एक हजार सात सय।) सटर नं.३ र४ लाई प्रति सटर रु.२,०००।– (दुई हजार।) मासिक तथा सटर नं.५ र ६ लाई प्रतिसटर रु.१,५००।– (एक हजार पाँच सय।) मासिक, ठेक्का अवधि ५ वर्षको रहने, हरेक २/२ वर्षमा १० प्रतिशतले भाडा रकम वृद्धि हुने ।

# मिति २०७७।११।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.३ :** नेपालगन्ज उप–महानगरपालिकाको वडा नं. १९ स्थित फुटाहा काललाई निजि क्षेत्रबाट सञ्चालन र व्यवस्थापन गर्नको लागि वार्षिक ठेक्का अंक रु.५१,०००।–कायम गरि १० वर्ष अवधि र हरेक २/२ वर्षमा १० प्रतिशतले ठेक्का रकम वृद्धि हुने गरिमाछापालन र पर्यटनको लागि ठेक्का सूचना प्रकाशन गर्ने निर्णय गरियो।। साथै माछापालानको लागि ६ फिटसम्मको गहिराई आवश्यक पर्ने भन्नेविज्ञहरुको राय अनुसार तालको बढिमा ६ फिट सम्मको माटो ठेकेदार पक्षले निकाली आफै व्यवस्थापन गर्न सक्ने गरि सम्झौता पत्रमा उल्लेख गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** नेपालगन्ज उप–महानगरपालिका वडा नं.८ स्थित रहेको रानितलाउलाई निजि क्षेत्रबाट सञ्चालन र व्यवस्थापन गर्नको लागि वार्षिक ठेक्का अंक रु.१०,००,०००।–कायम गरि १० वर्ष अवधि र हरेक २/२ वर्षमा १० प्रतिशतले ठेक्का रकम वृद्धि हुने गरि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** नेपालगन्ज उप–महानगरपालिका वडा नं.८ स्थित रहेको महेन्द्रपार्कलाई निजि क्षेत्रबाट सञ्चालन र व्यवस्थापन गर्नको लागि वार्षिक ठेक्का रु.१०,००,०००।–कायम गरि १० वर्ष अवधि र हरेक वर्ष ५ प्रतिशतले ठेक्का रकम वृद्धि हुने गरि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं.६ :** नेपालगन्ज उप–महानगरपालिका क्षेत्रमा सवारी साधनहरुं (विषेश गरि मालबाहक ट्रकहरु) पार्किङ्गको लागि उपयुक्त स्थान नभएकोले अव्यवस्थित रुपमा ट्रकहरु पार्किङ्ग भै दुर्घटना हुने र ट्राफिक व्यवस्थापनमा पनि कठिनाई उत्पन्न हुने भएकोले उक्त ट्रकहरु निजि क्षेत्रबाटै व्यवस्थापन गर्नको लागि यस उप–महानगरपालिकाको वडा नं.२० मा उक्त कार्य गर्न जय बागेश्वरी मालवाहक यातायात प्रा.लि. नेपालगन्ज–१८, बाँकेले मिति २०७७/१०/२६ मा निवेदन पेश गरेकोले ट्रक व्यवस्थापनको सन्दर्भमा १ विगाहा सम्मको क्षेत्रमा पार्किङ्ग व्यवस्थापनको अनुमतिको वार्षिक रु.२५,०००।– र सो भन्दा बढि क्षेत्रमा प्रति विगाहा रु. ११,०००।–थप शूल्क लिने र वार्षिक रुपमा अनुमति नविकरण गराउनु पर्ने र नविकरणको वार्षिक रु.२५,०००।– शूल्क तोक्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** यस उप–महानगरपालिकाको स्वीकृत 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ बमोजिम घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्रका लागि यस उप–महा नगरपालिकामा विभिन्न मितिमा निवेदन पेश गरेका तपसिलका व्यवसायीहरुलाई राजश्व परामर्श समितिको सिफारिस बमोजिम नियमानुसार ईजाजत पत्र दिने निर्णय गरियो ।

**तपसिल**

१. बाबा ईन्फाप्रोजेक्टस् प्रा.लि., ने.ग.१९, बाँके : योग्यता पुगेको ।

२. के. एस. निर्माण सेवा, नेग.१०, बाँके : योग्यता पुगेको ।

## मिति २०७७।११।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.८ :** नेपालगंज उप-महानगरपालिका वडा न.६ (साविकको वडा नं.११ क) मा रहेको कि.न. ३१, ७६, ८९ र ३५५ को कूल जग्गा ०-१०-१३ मध्ये सडक सो पश्चिम, शशिकला गुरुङको खाली जग्गा सो पुर्व बाटो सो उत्तर र शिव पार्वती मन्दिर अर्न्तगतको प्राकृतिक पंतजलि योगशाला सो दक्षिण यति चार किल्ला भित्र रहेको उत्तर दक्षिण ८ मिटर पूर्व पश्चिम १८ मिटर क्षेत्रफल भित्र अर्ध निर्मित दूईवटा शौचालय र पक्की देवाल सहितको जग्गा अं. ६ धुर जग्गा जनजाति कल्याण आश्रम, नेपालका पत्र संख्या ७७।०७८ च.न ००७ मिति २०७७।११।१३ को पत्रअनुसार जनजाति कल्यान आश्रम बाँके जिल्ला शाखा नेपालगंजको नाममा भोगाधिकारको लागी सहमति दिने निर्णय गरियो ।

**निर्णय नं.९ :** नेपाल बार एशोसिएशन नेपालगंज उच्च अदालत बार एशोसिएशन नेपालगंजको पत्र संख्या ०७७।०७८ च.नं. ५४ मिति २०७७।११।३ को पत्रानुसार तेस्रो बार्षिक साधारण सभाको लागि सहयोग माग भएको रकम रु.१,००,०००।- (अक्षेरुपी रु एक लाख मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१० :** यस नेपालगंज उप-महानगरपालिका नगर प्रमुखको सचिवालयमा कार्यरत श्री दिपक श्रेष्ठ ज्यूको उपचारको कममा यही मिति २०७७।११।०५ गते निजको मृत्यु भएकोले निजको उपचारमा नेपालगंज मेडिकल कलेज (शिक्षण अस्पताल नेपालगंज र कोहलपुरमा लागेको खर्च नगरपालिका कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.११ :** यस नेपालगंज उप-महानगरपालिका वडा नं.९ का वडा अध्यक्ष श्री विष्णु लामा ज्युको उपचारको कममा यही मिति २०७७।१०।२२ गते निजको मृत्यु भएकोले निजको उपचारमा नेपालगंज मेडिकलकलेज शिक्षण अस्पताल नेपालगंज र काठमाडौ मिडिसिटि अस्पतालमा लागेको सम्पुर्ण खर्च रु ६,२०,०००।- (अक्षेरुपी रु छ लाख बिस हजार) मध्ये जनप्रतिनिधिबाट सहयोग प्राप्त रु.२,४७,५००।- (अक्षेरुपी दुईलाख सट्चालिस हजार पाँच सय) मात्र र कर्मचारीहरुबाट प्राप्त रु १,४५,८०९।- (अक्षेरुपी एक लाख पैतालिस हजार आठ सय नौ) मात्र व्यहोरी बाँकी नपुग हुने रु. २,२६,६९१।-(अक्षेरुपी दुई लाख छब्बिस हजार छ सय एकान्नव्वे) मात्र नगरपालिका बाट व्योहोर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :** यस नेपालगंज उप-महानगरपालिका सरसफाई शाखामा कार्यरत शशिदेवी बाल्मीकी रोड सरसरफाई गर्ने कममा मोटरसाइकलले हानेर हातमा चोट लागी नेपालगंज मेडिकलकलेज ( शिक्षण अस्पताल नेपालगंज) मा उपचार गराउदा भएको खर्च रकम रु. १,०२,९४७।०० ( अक्षेरुपी एक लाख, उन्नतीस हजार, सत्चालीस मात्र) उपमहानगरपालिका कोषबाट व्योहोर्ने गरी निजलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३ :** यस नेपालगंज उप-महानगरपालिको वडाबाट निर्णय भई आएको योजना रकमान्तर तथा शिर्षकान्तरको विषयमा वडाबाट आएबमोजिम हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## मिति २०७७।११।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१४:** केन्द्रिय मोहरम पर्व तथा कर्बला व्यावस्थापन समितिको पत्र संख्या ०७७।०७८ च.न.१८५ मिति २०७७।१०।२९ को प्राप्त पत्रानुसार DPR सम्बन्धमा नेपालगंज उप-महानगरपालिका वडा नं. ६ फुल्टेका कित्ता न. ५१५ को जग्गामा यसअघि यस नेपालगंज उप-महानगरपालिकासंगको सम्झौता अनुसार ३ विगाहा जग्गामा मुस्लीम समुदायको कर्बला निर्माणको लागि DPR नेपालगंज उप-महानगरपालिकाबाट तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५ :** सघीय सामजवादी फोरम नेपाल जिल्ला समिति बाँकेको पत्र संख्या २०७७।०७८ च.नं. १२२ मिति २०७७।१०।११ को पत्रानुसार केंन्द्रिय प्रशिक्षकहरुद्धारा प्रशिक्षण कार्यकमको लागि रु.१०००००।-(अक्षेरुपी रु. एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१६ :** नेपाल एशोसियसन अफ टुर एण्ड ट्राभल्स एजेन्टको प.स. २०७७।०७८ च.न. ११ मिति २०७७।११।०५ को पत्रानुसार आन्तरिक पर्यटन प्रर्वद्धन गर्ने उद्देश्यले संचालन हुन लागेको नेपालगंज ठाकुरद्धारा बस सेवाका लागि प्रति हप्ता एकपटक ५ (पांच) वटा टिकट किनेर (आ. स.शिर्षकबाट) सो कार्यक्रममा नगरपालिकाको सहभागिता जनाउने निर्णय गरियो ।

**निर्णय नं.१७ :** संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयको च.न. २४७ मिति २०७७।११।०३ को सहभागितामुलक कार्यकम छनौट भएको मुस्लिम धर्मको कर्बला, हिन्दु धर्मको मिर्चुडा पुजन स्थल र क्रिकेट स्टेडियम जस्ता धार्मिक तथा पर्यटकीय क्षेत्रको संरक्षणका लागि माटो पटान तथा पर्खाल लगाउने कार्यको लागि नगरपालिकाबाट आवश्यक लागत सहभागिता व्योहोरी कार्याव्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८ :** नेपाल सरकार संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको प.स. २०७७।०७८ च.न.१४४ मिति २०७७।१०।२६ को पत्र अनुसार नेपालगंज उप-महानगरपालिको वडा न. १९ स्थित सोल्टी होटल उत्तर पट्टि रहेको २४ कठ्ठा सार्वजनिक जग्गा नेपाल पर्यटन तथा होटल व्यवस्थापनले संचालन गर्ने पर्यटन कलेज (नाथुम) निर्माणको लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१९ :** बाँके जिल्ला अदालत, प्रशासन शाखा नेपालगंज, बाँके को प.स.२०७७।७८ च.न. ९५२६ मिति २०७७।१०।२६ को पत्रानुसार माग भई आएको २ ओटा AC कार्यालयबाट खरिद गरी माग अनुसार थान २ एयरकन्डिसन (AC) अदालतलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२० :** यस नेपालगंज उप-महानगरपालिमा मिति २०७७।१०।१३ गते श्री अभिराज क्षेत्रीले कृत्रिम खुट्टाका लागि दिनुभएको निवेदनमा माग भई आएको आर्थिक सहयोग सम्बन्धमा निज सामाजिक अभियान्ता समेत भएकोले निजलाई शशक्त भूमिकामा सहयोग पुग्ने गरी रु.४०,०००।- ( अक्षेरुपी रु.चालीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१ :** यस नगर क्षेत्र भित्र पर्ने जग्गाहरुको हालसाबि गर्ने प्रयोजनका लागि वर्ग मि. मा नयां पूर्जा उपलब्ध गराउंदा साविकको एउटा वडामा रहेको जग्गाहरुको ठेगाना परिवर्तन गरी अर्को वडामा मिलान गर्ने गरिएको देखिएकोले सरोकारवाला श्री भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालय समेतको बैठक राखी स्थानीय सरकारको जानकारी तथा समन्वयका आधारमा मात्र उक्त कार्य गर्ने गराउन लगाउने निर्णय गरियो ।

## मिति २०७७।११।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.२२ :** भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज बाँकेको पत्र स. ०७७।०७८ च.न. १२९७९ मिति २०७७।११।०४ को पत्रानुसार हेल्प डेस्कमा कर्मचारी व्यवस्थापनको लागि सहजकर्ता कामकाजमा लगाउन श्री भुमि सुधार तथा मालपोत कार्यालय नेपालगंज बाँकेलाई २०७७।१०।०१ देखि २०७८ असार मसान्त सम्मको लागि हुन आउने रकम रु. १,८०,०००।-(अक्षेररुपी रु एक लाख असि हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २३.** यस नेपालगंज उप-महानगरपालिकाको सामाजिक विकास शाखामा कामगर्नको लागि कामको चाप बढी रहेको ऋण तथा लागानी असुलीमा जनशक्ति आवश्यक देखिएकोले हालै सरकारी काम गर्दागर्दै सडक दुर्घटनामा निधन हुनुभएको अधिकृत श्री अशोक के.सी.को धर्म पत्नी श्री सिमा शर्मा के.सी लाई निजको बालबालिकाको अवस्था,आर्थिक अवस्था र औचित्यको आधारमा उक्त शाखामा दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं. २४ :** यस नेपालगंज उप-महानगरपालिकामा डा. गोपालराज शाक्य लगायतको प्राप्त जग्गा खाली गराई पाउँ भन्ने सम्बन्धको निवेदन विषयमा अध्ययन गरी आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समिति लाई जिम्मा दिने निर्णय गरियो ।

**तपसिल :**

१. कार्यपालिका सदस्य :- श्री अयुब सिद्धिकि - संयोजक

२. कार्यपालिका सदस्य :- श्री सफिक बेहना - सदस्य

३. कार्यपालिका सदस्य :- श्री सुनिलसिंह हमाल - सदस्य

**निर्णय नं. २५ :** यस नेपालगंज उप-महानगरपालिकामा वडा नं. ८ को वडा कार्यालय र शहरी स्वास्थ्य केन्द्र कार्यालय भवन बनाउनको लागि खानेपानी ट्याङकी निर (हाल बारुण यन्त्र शाखा कार्यालयको पूर्वपट्टीको जग्गामा) रहेको खाली जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २६ :** यस नेपालगंज उप-महानगरपालिका वडा नं. १७ मा रहेको डिप बोरिङ पुन संचालन गर्न वातावरण तथा बाल अधिकार संरक्षण केन्द्र नेपाल बाट प्रस्तावना पेश भई आएकोले प्राविधिक शाखामा समन्वय गरि डिप बोरिङ मर्मत सम्भार गरि वातावरण तथा बाल अधिकार संरक्षण केन्द्र नेपाललाई संचालनको लागि जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. २७ :** यस नेपालगंज उप-महानगरपालिकाले विभिन्न वडामा गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्यक्रम गरिरहेकोमा सम्झौता पूनरावलोकन गर्नुपूर्व सो सम्बन्धि कामको मूल्याङकन गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको समितिलाई जिम्मा दिने र वडा नं. १८ बाट फोहोरमैला व्यवस्थापन गर्न आफ्नो वडामा आफैं व्यवस्थित गर्ने प्रस्ताव आएकोले सो बमोजिम वडालाई फोहोरमैला व्यवस्थापन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

## मिति २०७७।११।१४ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**तपसिल :**

१. वडाध्यक्ष :- श्री प्रमोद रिजाल - संयोजक

२. वडाध्यक्ष :- श्री सुनिल सिंह हमाल - सदस्य

३. वडाध्यक्ष :- श्री मो. सफिक वेहना - सदस्य

**निर्णय नं. २८** : यस नेपालगंज उप-महानगरपालिका साविक वडा न. ११(७ क) कि.न. १३१ को ज.वि. ०-९-५ हाल वडा नं. ८ महेन्द्र रंगशाला अगाडी खाली रहेको जग्गा श्री बाँके जिल्ला फुटवल संघलाई भोगचलन गर्ने गरि उक्त जग्गा उपलब्ध गराईदिन सिफारिस सहित श्री जिल्ला प्रशासन कार्यालय, बाँकेलाई समेत अनुरोध गरिएको र भूमिसुधार तथा व्वस्था विभाग को प.सं. ०६५।०६६ १.४२, च.१०२, च.नं.३३२ को सहमति पत्र बमोजिम नगर प्रमुख ज्यूबाट भोगाधिकार दिने गरी पं.सं. ०७७।०७८ च.न. ३१३० मिति २०७७।१०।२० मा भएको बिषय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२९:** नेपालगंज उप-महानगरपालिकाको आ.व. २०७६।०७७ को ठेक्का नं. NSMC/NCB/W03/076-077 प्रदेश सरकार समपुरक अनुदान र नेपालगंज उप-महानगरपालिकाको आन्तरिक श्रोत बाट संचालन भइ आ.व. २०७६।०७७ को अन्त्य सम्ममा सम्पन्न हुन नसकी क्रमागत रुपमा आन्तरिक श्रोतबाटनै बजेट बिनियोजन गरिएकोमा आर्थीक मामिला तथा योजना मन्त्रालय, लुम्बिनी प्रदेशको प.सं. २०७७।०७८ च.न. ६०८ मिति २०७७।०९।१४ गते प्राप्त पत्र बमोजिम यस उप-महानगरपालिकाको आन्तरिक श्रोत बाट खर्च हुने गरि दायित्व सारिएको रकम मध्ये प्रदेश सरकारले व्हर्होने रकम रु ४५,९७,०००।-बराबरको रकम बचत हुने भएकोले उक्त रकम बाट सोही महिला स्कुलको फर्निचर, अन्य संरचना निर्माण तथा मेसिनरी औजार खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३० :** यस नेपालगंज उप-महानगरपालिमा वडा नं. ७ को प.सं. ०७७।०७८ च.न.४४९ मिति २०७७।११।११ को पत्रानुसार पिपल चौंतरादेखि फिरोज हलवाईको घरसम्म नाली र पिसिसि को निर्माण आयोजनाका लागि अपुग बजेट माग गरिएकोमा कार्यपालिकाको निर्णयानुसारको ८०।२० योजना कार्यन्वयन गर्ने नीति अनुरुप सो योजना समेत कार्यान्वयन गर्ने निर्णय गरियो ।